## सिस्ने गाउँसभाको बैठकमा

## उपाध्यक्षश्री गोबरधन बुढाज्यूबाट प्रस्तुत
## सिस्ने गाउँपालिकाको
## आ.व. २०७६।०७७ को

# वार्षिक आय व्यय विवरण

## सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिको कार्यालय

## रुकुमकोट,रुकुम पूर्व

## २०७६।०३।३१

१. मुलुकको संघीय पुनसंरचना सँगै विधिवत रुपमा स्थापित सिस्ने गाउँपालिकाको गरिमामय यस सभामा आ.व.

२०७६।०७७ को वार्षिक वजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरिरहेको छु । यस ऐतिहासिक अवसरमा सर्वप्रथम म देशको आमूल परिवर्तनका लागि नेपाली जनताले विभिन्न कालखण्डमा गरेका ऐतिहासिकमहान जनयुद्ध ,जनआन्दोलन,संघर्ष लगायत अन्य सबै आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहीदप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धान्जली प्रकट गर्दछु । साथै घाइते तथा बेपत्ता नागरिकहरुप्रतिउच्च सम्मान साथ प्रकट गर्दछु । राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायि भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछौ ।

२. लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहका जनप्रतिनिधिहरुले आ-आफ्नो जिम्मेवारी सम्हालि सक्नुभएको छ। स्थानीय तहको गठन पश्चात संघीयता कार्यान्वयन र लोकतन्त्र संस्थागत हुनुका साथै स्थानीय स्तरको मागमा आधारित विकास र शासक सञ्चालन जनता आफै प्रत्यक्ष सहभागी हुने अवसर प्राप्त भएको छ । हाम्रो लागि स्थानीय तहको सरकार कार्यान्वयन अभ्यासका दृष्टिकोणले केही नयाँ छ त्यसैले स्थानीय सरकारको सबै ँगलअतष्यलबचष्मक परिपूर्ण नभएको अवस्था छ । यसर्थ हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ र हाम्रो भविष्य उज्वल र सम्भावनायुक्त छ । विगतको केन्द्रिकृत र एकात्मक शासक व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका असमानता,उत्पिडनहरुको अन्त्य गर्दै सबैको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गरी दिगो ,फराकिलो आर्थिक वृद्धिका साथ आर्थिक विकास गर्दै सबै नेपाली जनताको मुहारमा खुशी ल्याउने नेपालको संविधानको अभिष्ट पूरा गर्नुछ । यसका लागि स्थानीय तहको सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुने मैले ठानेको छु । हाम्रो विकासका लागि आफैले नै छनौट र कार्यन्वयन गर्न संवैधानिक रुपमा अधिकार सम्पन्न भएकाले पनि स्थानीय तहको सरकार साधन स्रोत सम्पन्न बनाउन आवश्यक छ । यतीवेला नवीनतम् सोंच र अधिकतम् प्रयासले स्थानीय तहको जग बलियो बनाउने विशेष अवसरको रुपमा पनि लिएको छु ।

***अध्यक्ष महोदय,***

३. नेपालको संविधान निर्माण ,कार्यान्वयनका साथै स्थानीय तहको निर्वाचनले नेपाली जनतालाई स्थानीय तहको शासन सञ्चालन तथा विकास निर्माणमा प्रत्यक्ष रुपमा आफै सहभागी हुन पाउने गरी ऐतिहासिक रुपमा अझ बढी अधिकार सम्पन्न बनाएको छ । यस मानेमा राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौं । राजनीतिक प्रणालीप्रति नागरिकको भरोसा पुनस्थापित भएको छ। अबको बाटो जनचाहना अनुरुपको विकास निर्माण र दिगो,फराकिलो र तीव्र आर्थिक वृद्धि र समतामूलक वितरण सहिनको आर्थिक विकास गरी देशलाई समुन्नत बनाउनु हो । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसको रुपमा सदुपयोग गरी

संविधान र जनचाहना अनुरुप आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माण गर्ने स्वस्थ प्रतिस्पर्धात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान बिन्दु हो भने समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो ।

४. मुलुकको उत्साहप्रद आर्थिक वृद्धिदर हासिल गरिरहेको अवस्थामा यस गाउँपालिकाले पनि सोहीअनुरुप आर्थिक विकासको पथ अनुसरण गर्नुपर्ने अवसर र चुनौति दुबै हाम्रो अगाडि आएको छ। नेपालको संविधानले निदिष्ट गरेका मौलिक हक , राज्यका निर्देशक  सिद्धान्त र नीतिहरु, चौथो योजनाले परिलक्षित गरेका उद्देश्यहरु तथा दिगो विकासका लक्ष्यहरु हासिल गरी सन् २०३० सम्म नेपाललाई मध्यमस्तरीय आय भएको मुलुकमा स्तरोत्तर गर्ने मुलुकको लक्ष्यलाई आधार मानी यस गाउँपालिकामा पनि स्थानीय माटो सुहाउँदो बजेट तथा योजना निर्माण गर्नुपर्ने अवस्थामा सोहिअनुरुप बजेट विनियोजन गरिएको छ ।

५. साविकका स्थानिय निकायहरुले सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गरी योजना तर्जुमागर्ने गरेको भएता पनि अपेक्षित परिमाण हासिल भएको थिएन । स्थानीय निकायको कार्यसम्पादन मापन गर्न न्यूनतम शर्त र कार्य सम्पादन मापन सूचनहरु निर्माण गरी सो को आधारमा अनुदान प्राप्त गर्ने व्यवस्था गरिएको थियो । चौमासिक निकासा दिंदा प्रगति प्रतिवेदनको आधारमा न्युनतम पुँजीगत अनुदानमा थप हुने व्यवस्था थियो । यद्यपी त्यसको व्यवहारिक कार्यान्वयन हुन नसक्दा साविकका स्थानीय निकायले अपेक्षाकृत नतिजा प्रँप्त गर्न सकेका छैनन् । उचित प्रक्रिया र योजना नबनाई हचुवामा बजेट बााडफाड गर्न खोज्दा लक्षित समूह कार्यक्रम, प्रवद्धनात्मक कार्यक्रमहरुबाट अपेक्षित नतिजा हासिल गर्न सकिएको छैन । आगामि सदनमा बजेटको वस्तुगत विनियोजन र प्रभावकारी कार्यान्वयका लागि राजनीतिक स्थिरता,व्यवसायिक कर्मचारीतनत्र र सहयोगी समाज निर्माण आवश्यक देखिन्छ । प्राकृतिक स्रोत साधनको प्रचुरता,कृषि पर्यटन ,व्यापारको अधिक सम्भावना बोकेको यस गाउँपालिका आर्थिक समृद्धि र विकासका थुप्रै सम्भावना रहेका छन् ।

**अध्यक्ष महोदय,**

६. यी सम्भावनाहरुलाई मूर्तरुप दिन यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार प्रस्तुत
गरेको छु :

**(क)स्थानीय तहको शासनको सार्थक कार्यान्वयन**

साविक एकात्मक र केन्द्रिकृत राज्य प्रणालीको अभ्यास भइरेहको अवस्थामा संघीयता र स्थानीय तहको सरकार नौलो प्रयोग हो । यस गाउँपालिकाको संस्थागत ,प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणको लागि आवश्यक आन्तरिक स्रोतको व्यवस्था र सन्तुलन गर्ने कार्य चुनौतिपूर्ण छ।यस गाउँपालिका भित्र सञ्चालन हुने विकास आयोजनाहरुको कमजोर तयारी र व्यवस्थापकीय क्षमता, निर्माण

व्यवसायीको कमजोरको वित्तीय र प्राविधिक क्षमता ,कानूनी नीतिगत र प्रक्रियागत जटिलता कारण आयोजनाहरु तोकिएको समय सिमाभित्र सम्पन्न हुन नसक्ने तथा आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरुको काम गर्ने उत्साहमा कमी,नतिजा प्राप्तिप्रतिको उदासिनता र समग्र मानवीय क्षमताको कमीका कारण कार्यान्वयन क्षमता कमजोर हुने देखिन्छ । तसर्थ संरचनागत अन्यौलता हटाएर नियमीत अनुगमन र व्यवस्थापनमा प्रभावकारिता ल्याई लक्ष्य बमोजिम कार्यसम्पादन गर्नु चुनौतिपूर्ण छ ।

**(ख) आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि**

स्थानिय माटो र हावापानी सुहाउँदो उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच वृद्धि गरी सार्वजनिक निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट दीगो र प्रभावकारी उत्पादकत्व तथा उत्पादन  वृद्धि गर्नुपर्ने चुनौति छ । उत्पादित वस्तुको उचित बजार व्यवस्थापनका माध्यमबाट आन्तरिक तथा बाह्य बजार सुनिश्चित गर्नु अर्को चुनौति रहेको छ ।

**(ग) औपचारिक अर्थतन्त्रको विकास**

आर्थिक क्षेत्रको ठूलो हिस्सा औपचारिक क्षेत्रभन्दा बाहिर रहेको कारण अर्थतन्त्रको वास्तविक पहिचान गर्न गाह्रो छ । बैंक तथा वित्तीय संस्थाहरुको स्थापना क्रमशः हुदै गरेतापनि गाउँपालिकाको विकट भौगोलिक अवस्था लगायतका कारणले सबै आर्थिक कारोवारहरुलाई औपचारिक दायरामा ल्याई सबै आर्थिक कारोबारहरु बैंकिङ प्रणाली मार्फत गर्न कार्य चुनौतिपूर्ण छ ।

(घ) **सार्वजनिक निर्माणको गुणस्तरीयता र संरक्षण**

सार्वजनिक निर्माण कार्यको सुक्ष्म  सुपरिवेक्षण ,निर्माण व्यवसायिहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिङ्ग हुने गरेका छन् । सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने र खर्चमा दोहोरोपना रोक्नुपर्ने र निर्मित सार्वजनिक सम्पत्तिको उचित उपयोग र संरक्षण कार्यमा जोड दिँदै दिगो र प्रभावकारी बनाउनु चुनौतिपूर्ण छ ।

**(ङ) सूचना तथा सञ्चार प्रविधिको विकास**

भौगिलिक विकटताका साथै सूचना तथा सञ्चारको पहुँच नभएकाले विकास निर्माण कार्यान्वयन आपसी सेवा प्रवाहका क्रममा असहजता पैदा हुनुका साथै लागत समय र स्रोत महँगो पर्न जान्छ । गाउँपालिकाभित्रका सबै जनताले सूचना तथा सञ्चारमा सहज रुपमा पहुँच स्थापित गर्नका लागि आवश्यक सूचना तथा सञ्चार प्रविधिहरुको पूर्वाधारहरुको निर्माण र निजी क्षेत्रलाई आकर्षण गर्ने कार्य पनि चुनौतिपूर्ण छ ।

**(च) सुशासन अभिवृद्धि**

कानूनको परिपालना सेवा प्रवाहमा प्रभावकारिता सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउने तथा व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माण गर्ने कार्य चुनौतिपूर्ण छ।

***अध्यक्ष महोदय,***

७. हाम्रा सामु माथि थुप्रै चुनौतीहरु रहेता पनि नयाँ घरको जग बलियो र मजबुद बनाउन आम जनताको

उल्लेख्य तत्परता र सहभागिता, गैरमौद्रिक साधन,साधन मुद्रा परिचालनको प्रचुर सम्भावना लगायतका पक्षहरुको परिचालन मार्फत समृद्ध सिस्ने निर्माण गर्ने अवसर प्राप्त भएको छ । विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामाना गर्ने गरी आर्थिक वर्ष २०७६।०७७ को बजेट तयार गरिएको छ । यो बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरेको छु :

- स्थानीय तहको सरकारको प्रभावकारिता अभिवृद्दि गरी संधान कार्यान्वयनमा सहयोग गर्ने ,
- गाउँपालिकाबाट प्रवाह हुने आम जनताको पहुँच स्थापित गर्ने ,
- स्थानीय स्रोत साधनको समुचित परिचालन मार्फत दिगो, समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने
- आर्थिक स्थायित्व कायम गर्ने तथा लगानीको वातावरण निर्माण गर्ने
- आर्थिक सामाजिक विकास सम्भावनाहरुको खोजी गरी कार्यान्वयनको उपयुक्त व्यवस्था मिलाउने,
- गाउँपालिकाको आर्थिक सामाजिक पूर्वाधार विकास तथा बन वातावरणका साथै संस्थागत विकासका लागि कार्यक्रम कार्यान्वयनमार्फत समग्र विकासमा जोड दिने ।

८. यी उद्देश्यहरु हासिल गर्नको लागि आर्थिक वर्ष २०७६।०७७ को बजेटमा प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छ :

- स्थानीय तहको सरकारको कार्यान्वयन र सेवा प्रवाहमा गुणस्तर,

- खानेपानी र सरसफाई
- स्थानीय सडकको निर्माण र स्तरउन्नती,
- उत्पादन उत्पादकत्व वृद्धि ,
- कृषिको आधुनिकीकरण ,व्यावसायीकरण र यान्त्रिकरण
- पर्यटन पूर्वाधारको विकास र प्रवद्धन,
- लैंगिक समावेशिकरण, लक्षित समूह विकास कार्यक्रम,
- शिक्षा तथा स्वास्थ्यमा सुधार
- लघु तथा साना जलविद्युत उतपादन,प्रसारण र वितरण,
- सूचना तथा सञ्चार प्रविधिको विकास र गुणस्तर,
- सहकारी
- वन तथा भू-संरक्षण ,जलवायु  परिर्वतन अनुकूलन ,
- विपद् जोखिम न्यनिकरण जल उत्पन्न प्रकोप न्युनिकरण
- संस्थागत विकास तथा शासकीय सुधार ।

***अध्यक्ष महोदय ,***

९. अब यिनै चुनौति उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आर्थिक वर्षको बजेट तथा कार्याक्रमहरु
देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

स्थानीय तहको शासनको प्रभवकारी कार्यान्वयन

**१०.**नेपालको संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको सरकारको कार्यपालिकीय, व्यवस्थापकीय र न्यायपालिकीय हैसियत प्राप्त गरेको अवस्थामा गाउँ गाउँमा सिंहदरबारको अधिकार स्थानान्तरण भएको छ । स्थानीय तहले प्रवाह र विकास निर्माणका कार्यहरु आफै सञ्चालन गर्न सक्ने अवस्थाको सिर्जना गर्न नेपाल सरकारले अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण अन्तरगत वित्तीय अनुदान र शशर्त अनुदान प्रदान गरेको छ। साविकमा विषयगत मन्त्रालयबाट सम्पादन भइरहेका तर नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भउका अधिकांश कार्यहरु स्थानीय तहबाटै सञ्चालन हुने गरी स्रोत उपलब्ध गराइएकोमा सोही अनुरुप बजेट विनियोजन भएको छ । शिक्षा, स्वास्थ्य पशु र कृषि क्षेत्रको चालु प्रकृतिको रु १५ करोड ८२ **लाख** सशर्त अनुदान प्राप्त भएको छ । सशर्त अनुदान सहित प्राप्त कार्यक्रमलाई सोहि अनुसार कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ ।

## आर्थिक विकास

### कृषि

**११.** परम्परागत कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो विकासकोमाध्यमबाट जीवनस्तरमा सुधार ल्याउन स्थानीय आवश्यकता र सम्भाव्यता अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायीकरणको आधार तयार गरिनेछ । कृषि पेशालाई सम्मानजनाक पेशाकोरुपमा विकास गरी आय तथा रोजगारी सिर्जना,दिगो र सन्तुलित विकास, खाद्य तथा पहिचान गरी ती क्षेत्रमा प्रयाप्त लगानी गरिनेछ।कृषि पकेट क्षेत्र तोक्दा नगदमा आधारित आलु सुन्तला,सिमी, कागती, लसुन, बाखापालन,भैसीपालन,मत्स्यपालन,कुखुरापालन र मौरीपालनलाई विशेष जोड दिइ विशेष कार्यक्रम सञ्चालनमा ल्याइनेछ । प्रमुख बालीहरुको उत्पादनमा आतमनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसा तगर्दै थोपा तथा कुलो सिंचाइ मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गर्ने व्यवस्था मिलाइएको छ।

**१२.** निजी सहकारी र सहकारी साझेदारीको अवधारणा अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायिकरणका लागि कृषि विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ । कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । भौगोलिक परिवेश,तुलनात्मक लाभ र बाली विशेष अनुसारको कृषि उत्पादन क्षेत्रहरु मार्फत कृषि उपज उतपादन भण्डारण ,प्रशोधन र बजारीकरणका लायि यस गाउँपालिकाका अन्तर्गत वडाहरुमा कृषि उपज संकलन केन्द्र स्थापना गरी प्रवद्धनमा जोड दिइनेछ ।

**१३.** संविधान प्रदत्त खाद्य सम्बन्धी अधिकारलाई सुनिश्चित गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा आधारभूत खाद्य वस्तुको उतपादनमा आत्मनिर्भरता हासिल गर्न माटो परिक्षण केन्द्र र कृषि ल्याब ,नर्सरी उत्पादन,संकलन केन्द्र ,शीतघरको प्रबनध गरिनेछ ।सहुलियतपूर्ण पशुपालन ऋणको व्यवस्था, एक टोल एक उत्पादन प्रवद्धन लगायतका कार्यक्रमहरु लागू गरिनेछ । कृषिको प्रमुख आधार सिंचाइ भएकोले आयोजना सञ्चालनको लागि जनसङ्ख्या र भौगोलिक अवस्था तथा आवश्यकताको आधारमा कृषि क्षेत्रको समग्र विकासका लागि चालु आर्थिक वर्षमा १ करोड ८ लाख १३ हजार बजेट विनियोजन गरिएको छ ।

**१४.** गाउँपालिकाभित्र उत्पादित फलफूल तथा तरकारी निर्यातका लागि ग्रामिण कृषि सडक निर्माण तथा निर्मित सडकलाई नियमित गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

### पर्यटन

**१५.** ऐतिहासिक, धार्मिक,साँस्कृतिक,पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान अध्ययन, संरक्षण, प्रवद्धन एवं प्रचारप्रसारका मार्फत पर्यटन प्रवर्द्धनमा जोड दिनुका साथै युद्ध पर्यटन लगायत कुत्रिम प्रवद्धन एवं संरचनाहरुको निर्माण तगा संरक्षणमा जोड दिन बजेट बिनियोजननको व्यवस्था गरिएको छ। साथै यस गाउँपालिकाका महत्वपूर्ण पर्यटकीय क्षेत्रहरु कमलदह, तातोपानी

मुहान देउराली गुफा, सिस्ने हिमाल,गुप्तादह संरक्षण तथा संवर्द्धनमा जोड दिनुका साथै प्रचार प्रसार गरी आन्तरिक एवं बाह्य पर्यटकहरुको आकर्षण मार्फत प्रवर्दनका १७ लाख २४ हजार बजेट बिनियोजन गरिएको छ ।

**गाउँ गाउँमा सहकारीः घरघरमा भकारी**

**१६.** सबै सहकारी संस्थाहरुले स्थानीय सम्भावना अनुसार उतपादन तथा उद्योगहरुमा एक सहकारी मुख्य चिनारीको अवधारणा अनुसार काम गर्नुपर्ने व्यवस्था गरिनेछ । उत्पादन गरिएका उतपादनहरुको उचित मूल्य प्राप्त गर्न सक्ने गरी मुख्य मुख्य बजारहरुमा सहकारी बजारहरुको विकास गरिनेछ । सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने नेपालको संविधानमा व्यवस्था भएको राज्यको नीति अनुरुप सहकारी संस्थाहरुको, क्षमता अभिवृद्दि, संस्थागत विकास र प्रवर्द्धनका लागि रु १० लाख बजेट बिनियोजन गरिएको छ।

**पूर्वाधार विकास**

**सूचना तथा सञ्चार**

**१७.** यस क्षेत्रभित्र सबैले सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निजी क्षेत्रको आगमनलाई  प्रवर्द्धन गर्ने नीति लिइनेछ । ठाउँ ठाउँमा सञ्चार टावर स्थापना ,टेलिफोन लाइन विसतार तथा ब्रोडब्याण्ड इन्टरनेट विस्तार र आवश्यक व्यवस्थाका लागि तत्काल आवश्यक पहल गरिनेछ। सञ्चार सुविधा नपुगेका बस्तीमा सुविधा र पुगेका स्थानहरुको प्रभावकारिताका लागि विशेष थालिनेछ। सूचना र सञ्चारको पहुँचबाट टाढा भएका बस्तिहरुमा सूचनाको पहुँच स्थापित गर्न एफ. एम. सञ्चालन, सुरक्षा व्यवस्थालाई सहज बनाउन प्रहरी कन्ट्रोल रुम तथा सूचना केन्द्र स्थापना लगायतका कार्यक्रमका लागि रु २६ लाख बजेट व्यवस्था गरिएको छ ।

**स्थानीय सडक तथा पुल**

**१८.** अन्तर गाउँपालिका, अन्तर वडा र अन्तर गाउँसम्म सडक सञ्जाल विस्तारका लागि सडक नपुगकोका ठाउँहरु प्वाङ र सिस्नेमा नयाँ ट्र्याक खोलिने छ । सडक यातायातलाई निरन्तर सुचारु गर्न तथा अन्य विकास निर्माण कार्यका लागि हेभी इक्विपमेन्टहरुको उपयोगसहित आवश्यक  व्यवस्था गरिनेछ । अन्तर वस्ती, वडा र पालिका जोड्ने बस्तिस्तरबाट माग भई आए बमोजिमका ग्रामीण तथा सडक र पुल निर्माण तथा स्तरोन्नती का लागि स्थानीय सडक तथा पुल क्षेत्रतर्फ १ करोड ५० लाख ६३ हजार बजेट विनियोजन गरिएको छ ।

**उज्यालो गाउँ अभियान : ऊर्जा विकास**

१९. गाउँपालिका क्षेत्रभित्रका साना जलविद्युत आयोजनाहरुको निर्माण, स्तरोन्नती र सुधार गरी सञ्चालनका लागि अनुदान रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ । गाउँलिकाको समग्र ऊर्जा क्षेत्रको विकासका लागि १ करोड ३८ लाख १३ हजार रकम विनियोजन गरिएको छ ।

**शहरी विकास तथा भवन निर्माण**

२०. सामाजिक ,साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण बस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण गरिनेछ । गाउँपालिकाभित्र रहेका सबै घरहरुको तथ्याञ्क संकलन तथा वर्गिकरण कार्य तीब्र रुपमा अघि बढाइने गाउँपालिकाको प्रोफाललाई थप अद्यावधिक गरिनेछ । शहरी विकास तथा भवन निर्माण सम्बन्धी स्थानीय परिवेशका आधारमा कडाइका साथ कार्यान्वयन गरिनेछ । सिस्ने गाउँपालिकामा एकीकृत व्यवस्थित ,वैज्ञानिक ,सुरक्षित र हरित गाउँ शहर निर्माणको लागि योजना बनाई कार्यान्वयन गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका मुख्य मुख्य सहरहरुलाई व्यवस्थित र सुविधासम्पन्न गतिशिल सहर बनाउनका लागि पूर्वाधार विकास तथा सडक नक्साङ्कन तथा समग्र भवन तथा सहरी विकास तर्फ ७५ लाख १६ हजार ५ सय रकम विनियोजनको व्यवस्था गरिएको छ ।

**सामाजिक विकास**

**शिक्षा**

२१. निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समयसापेक्ष गुणस्तर कायम गर्न सूचना तथा सञ्चार प्रविधि क्ष्ऋत पूर्वाधारमा जोड दिइनेछ । सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयलाई नमुना विद्यालय निर्माणको लागि आवश्यक भौतिक संरचना निर्माण, मेशनरी औजार, अपाङ्गमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण र व्यवस्थापनका साथै निर्माण पुस्तकालय स्थापना लगायत विद्यालय सुधार योजना कार्यान्वयनका लागि प्राप्त सशर्त अनुदानका र गाउँपालिकाबाट शिक्षा तर्फ रु १ करोड ४९ लाख ४२ हजार रकम विनियोजन गरिएको छ ।

**स्वास्थ्य सेवा**

२२. कुनै पनि नागरिकले आर्थिक अभावमा आधारभूत स्वास्थ्य उपचारबाट बन्चित हुनुपर्ने अवस्थालाई अन्त्य गर्न आगामी दुई वर्षभित्र सबै गाउँवासीले स्वास्थ्य विमा गर्ने लक्ष्य सहित स्वास्थ्य बीमा योजना कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनुका साथै सबै वडाहरुका स्वास्थ्य चौकीहरु तथा सामुदायिक स्वास्थ्य इकाइबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न संस्थागत सुदृढीकरण, जनशक्ति प्रोत्साहन तथा परिचालनमा जोड दिइनेछ। गाउँपालिका अन्तरगतका वडाहरुमा

निशुल्क स्वास्थ्य शिविर सञ्चालनका साथै समग्र स्वास्थ्य गुणस्तर कार्यक्रमहरु सञ्चालन गरिनेछ । त्यसैगरी आम नागरिकलाई स्वास्थ्य संस्थासम्मको पहुँचलाई सहज गराउन महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिचालनमा प्रभावकारिता ल्याउनुका साथै सुरक्षित मातृत्व र आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउ सशर्त अनुदानमा प्राप्त भएको रकम र गाउँपालिकाबाट रु ३६ लाख ८८ हजार ४ सय रकम विनियोजन गरिएको छ

## सँस्कृति प्रवर्द्धन

२३. **स्थानीय भाषा, कला, सँस्कृति, भेषभूषाको जगेर्ना तथा संरक्षण गर्दै साँस्कृतिक पर्यटनलाई जोड दिन आवश्यक कार्यक्रम लागु गरिनेछ। जसका लागि ११ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ।**

### युवा, खेलकूद तथा मनोरञ्जन

२४.खास गरी युवा वर्गमा व्यवसायिकता र उद्यमशीलता विकास गर्न सामाजिक परिचालन सहभागिता र नेतृत्व विकासका साथसाथै खेलकूद र मनोरञ्जन क्षेत्रसँग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ । विद्यालय स्तरबाटै अतिरिक्त क्रियाकलान सञ्चालन, खेल सामाग्री व्यवस्थापन तथा खेलकुद प्रतियोगिता सञ्चालनका तथा युवा क्षमता अभिवृद्दिमाा जोड दिइनेछ। खेलकूद क्षेत्रको प्रवद्धन गर्न खेलकूद तथा मनोरञ्जन विषयका लागि रु २२ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।

### सफा र शुद्ध खानेपानी : सरसफाई गर्ने हाम्रो बानी

२५. स्वच्छ खानेपानी नै प्राणाी जगतको जीवनको आधार भएकोले सिस्ने गाउंपालिकाका सबै वडाका जनताहरुमा पिउने पानीको सुविधा सहज रुपमा पुर्‍याउन नयाँ खानेपानी आयोजना निर्माण पुराना आयोजनाको मर्मत सम्भार गरी नियमित गराउनुका साथै स्वच्छ पिउने पानीका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ । स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाइमा विशेष ध्यान दिइनेछ । फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ। यसका लागि १ करोड ९९ लाख बजेट रकम विनियोजन गरिएको छ।

### लैञ्गिक समानता र सामाजिक समावेशिकरण

२६. महिला, बालबालिका, अपाञ्ग, आदिवासी जनजाति, दलित, ज्येष्ठ नागरिक र विपन्न वर्ग क्षेत्र समुदायको उत्थानको लागि व्यवस्थित योजना र कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । समावेशी सहभागिता, सामाजिक न्याय, सामाजिक सुरक्षा अभिवृद्दिमा सघाउ पुग्ने गरी

सशक्तिकरण र मूलप्रवाहिकरणका लागि सिप विकास तथा जनचेतना अभिवृद्दि गर्न रु ७९ लाख ८० हजार २७० विनियोजन गरिएको छ ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन तथा भू-संरक्षण र जलाधार

२७. वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।वन क्षेत्रको विकास र विस्तारको लागि वैज्ञानिक वन व्यवस्थापन कार्यलाई अगाडि बढाइने छ । सामुदायिक वन विकास कार्यक्रम, पहिरो गएको र नाङ्गा डाँडा, सडकहरुमा वृक्षारोपण ,एक घर एक विरुवा अभियान ,डालेघाँस रोप्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । जल तथा भूमिको संरक्षण, पानीको मुहानहरुको संरक्षणको लागि प्रत्येक वडामा अभियान सञ्चालनका लागि आवश्यक बजेट विनियोजनको व्यवस्था गरिएको छ । मुहान सफा राख्ने, मुहान वरिपरी विरुवा रोप्ने, मुहान संरक्षण गर्ने कार्यलाई कडाइका साथ लागू गरिनेछ ।विषयगत समिति र शाखाहरुसँगको समन्वय कार्यान्वयन गर्ने गरी ७ लाख ५० हजार रकम विनियोजन भएको छ ।

## फोहोरमैला तथा ढल व्यवस्थापन

२८. गाउँपालिकाको केन्द्र रहेको रुकुमकोट बजारका साथै गाउँपालिकाभित्रका बजारोन्मुख बस्तिहरुलाई व्यवस्थित, सरसफाइयुक्त र समृद्द बनाउन सरसफाइलाई जोड दिँदै शहरी मापदण्डबमोजिम बनाउनुका साथै स्वस्थ जिवनयापनको बन्दोबस्त गर्न आवश्यक कार्यक्रम बनाई लागु गरिनेछ । सो अन्तर्गत रुकुमकोट बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि व्यवस्थित ल्याण्डफिल साइड निर्माण र ढलनिकासका लागि ४४ लाख बजेट व्यवस्था गरिएको छ ।

### विपद् व्यवस्थापन

२९. सबै वडामा विपद् न्युनिकरण समिति गठन गरी विपद् प्रतिकार्यका लागि जनचेतना फैलाउन वडास्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । विपद् तत्काल प्रतिकार्य तथा राहतका लागि विपद् जोखिम कोषको स्थापना गरी निश्चित रकम उक्त कोषमा सञ्चित हुने व्यवस्थालाई निरन्तरता दिइनेछ । विपद जोखिम कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिकालाई थप व्यवस्थित बनाई कार्यान्वयन गरिनेछ । विपद् व्यवस्थापन तर्फ रु २० लाख रकम विनियोजन गरिएको छ ।

३०. जलउत्पन्न प्रकोप नियन्त्रणको लागि जोखिमयुक्त स्थानहरुको पहिचान गरी तटबन्धनको व्यवस्था गरिनेछ। यसको लागि २ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

**संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह**

३१. संस्थागत सक्षमता अभिवृद्धिका लागि गाउँपालिकाको भवन तथा बहुउद्देश्यीय सभाहल निर्माणका लागि २ करोड २९ लाख बजेट विनियोजन गरिएको छ।

**३२.** सार्वजनिक प्रशासनलाई स्वच्छ सक्षम, निष्पक्ष ,पेशागत अनुशासनप्रति प्रतिवद्ध ,पारदर्शी, भ्रष्टाचारमुक्त ,प्रविधिमुक्त ,जनउत्तरदायी र सहभागितामूलक बनाउन पदाधिकारी र कर्मचारीहरुलाई  समय समयमा ज्ञान ,सीप अभिवृद्धि गर्ने खालको क्षमता विकास तालिम अभिमुखिकरण तथा पुनर्ताजगी सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

**३३.** संस्थागत सक्षमता र संस्थागत स्मरणलाई प्रभावकारी बनाउन आवश्यक पूर्वाधार निर्माण आधुनिक नागरिक वडापत्र ,सेवा प्रवाहमा मापदण्ड निर्माण तथा सेवाप्रवाहमा विद्युतीय सूचना प्रविधिको विकासका लागि अध्ययन ,विकास र सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। आधारभूत व्यवस्थापन गरी गाउँपालिका कार्यालय र वडा कार्यालयहरुको भौतिक साधनहरु व्यवस्था गरी सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउन आवश्यक फर्निचर्स र फिक्चर्स खरिद तथा व्यवस्थापनका लागि २० लाख रकम विनियोजन गरिएको छ।

**३४.** विद्युतीय शासनको अवधारण अवलम्बन गर्न गाउँपालिका कार्यालयमा थप मेशिनरी औजारको व्यवस्थाका साथै सबै वडा कार्यालयहरु कम्प्युटर तथा मेशिनरी औजारहरुको व्यवस्थापनमार्फत वडा कार्यालयमा मेशिनरी औजार नियमित सञ्चालनका लागि १५ लाख बजेट विनियोजन गरिएको छ।

**३५.** आम नागरिकको सूचनाको हलको प्रथयाभूति दिलाउन तथा सूचना तथा तथ्यात्क व्यवस्थापनको लागि सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ। संगठनले गरेका कार्य प्रगतिको सम्बन्धमा सार्वजनिक सुनुवाई ,सामाजिक परिक्षण ,सार्वजनिक परिक्षण व्यवस्थापन परिक्षण व्यवस्थापन गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

३६. आर्थिक वर्ष २०७६।०७७ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ

३७. आर्थिक वर्ष २०७६।०७७ का लागि रु. ४० करोड ८४ लाख ६२ हजार २ सय बजेट विनियोजन गरिएको छ। कुल विनियोजनमध्ये चालु तर्फ रु २६ करोड ५७ लाख ४८ हजार ८७० र पुँजीगततर्फ १२ करोड ७६ लाख ९७ हजार ३३० रहेको छ।

३८. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएका खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजस्वबाट रु ७८ लाख ९३ हजार २ सय, वित्तिय समानीकरण अनुदान अन्तर्गत नेपाल सरकारबाट रु १० करोड ७८ लाख प्रदेश सरकारबाट ४१ लाख ३७ हजार, सशर्त अनुदान अन्तर्गत नेपाल सरकारबाट १५ करोड ८२ लाख, प्रदेश सरकारबाट ९० लाख, राजस्व बाँडफाँड अन्तर्गत नेपाल सरकारबाट ७ करोड ५६ लाख ८४ हजार र प्रदेश सरकारबाट ४१ लाख ८४ हजार, प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान ५२ लाख, प्रदेश सरकारबाट समपुरक अनुदानवापत १ करोड ५० लाख, बहुक्षेत्रीय पोषण योजना कार्यक्रमको १३ लाख ६४ हजार र अघिल्लो मौज्दात रु २ करोड गरी जम्मा रु ४० करोड ८४ लाख ६२ हजार २ सय प्रक्षेपण गरिएको छ ।

३९. गैरसरकारी संस्थाबाट प्रस्तावित रु ४० लाख २८ हजार ८ सय ४३ रुपियाँ बराबरको बजेट तथा कार्यक्रम प्राप्त भएको छ ।

*अध्यक्ष महोदय,*

**४०. आर्थिक वर्ष २०७६।०७७ का लागि आन्तरिक राजस्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन् :**

- वडा कार्यालय र गाउँ कार्यपालिकाबीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण भई सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजस्व परिचालनमा जोड दिने र राजस्व चुहावट नियन्त्रण गर्ने ।
- आन्तरिक राजस्व परिचालनमा दिगो वृद्धिदर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजस्व प्रणालीमा सुधार गर्ने ।
- स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजस्व प्रणालीलाई समन्यायिक एवं लगानीमैत्री बनाउने ।
- आन्तरिक राजस्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने ।
- कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उपादकत्व बढाई निर्यात प्रवद्धन गर्ने ।
- हामीले तिरको कर हाम्रै लागि भन्ने नाराका साथ सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।
- कर सचेतना कार्यक्रममार्फत सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।
- वडा कार्यालय र गाउँ कार्यपालिका कार्यालयबीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम परिचालनमा जोड दिने ।
- राजश्व चुहावट नियन्त्रणका लागि उत्प्रेरणात्मक र दण्डात्मक नीति अंगिकार गरी कर संकलन तथा परिचालनमा प्रदेश सरकार तथा संघीय सरकारलाई सहयोग गर्ने ।

- आन्तरिक राजश्व परिचालनमा दिगो वृद्धिदर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने।
- स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजश्व प्रणालीलाई समन्यायिक एवं लगानीमैत्री बनाउने।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करकादरहरुलाई लागत प्रभावी बनाउने।
- कृषि लगायत अन्य क्षेत्रकोउत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।
- स्थानीय कर प्रणाली बारे आम पेशा, व्यवसाय र सर्वसाधारण नागरिकमा आश्वस्त पार्ने ।

**३८. माथि उल्लेखित उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछन् :**

- सार्वजनिक सेवा र राजस्वबीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सावर्जनिक सेवाबाट वन्चित गराउने नीतिको अवलम्बन गरिनेछ ।
- करको दरभन्दा दायरा विस्तारलाई प्राथमिकता दिई करदायरालाई थप फराकिलो बनाउँदै लगिनेछ ।
- राजस्व संकलनको लागि आवश्यक जनशक्ति परिचालन गरी करदातालाई सहज थप फराकिलो बनाउँदै लगिनेछ ।
- राजस्व संकलनको लागि आवश्यक जनशक्ति परिचालन गरी करदातालाई सहज रुपमा कर तिर्ने वातावरण निर्माण गरिनेछ ।
- कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक,कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको प्रस्ताव तयार गरी लागु गरिनेछ ।
- करदाताले तिरेको करको जानकारी दिने गरी एकीकृत कार्ड बनाई निजलाई उपलब्ध गराइनेछ र सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाइनेछ ।
- न्यून बिजकीकरण, चोरी निकासी ,पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अवलम्बन गरिनेछ
- करदाता तथा नागरिकता लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । यस्तो शिक्षा,सूचना र चेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ ।
- सार्वजनिक सेवा र राजश्वबीचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिकसेवाबाट बञ्चित गराउने नीतिको अवलम्बन गर्ने।
- करकोदर भन्दा दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लैजाने ।

- राजश्व संकलनको लागि आवश्यक जनशक्ति परिचालन गरी करदातालाई सहज रुपमा कर तिर्ने वातावरण निर्माण गर्ने ।

- कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको बाटो अपनाउने ।

- करदाताले तिरेको करको जानकारी दिनेगरी एकीकृत कार्ड बनाई निजलाई उपलब्ध गराईने व्यवस्थाको सुरु गर्ने र सोही कार्डको आधारमा सेवा प्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाउने ।

- चोरी निकासीरपैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अपनाउने।

- करदाता तथा आमनागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धिसम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तररुपमा सञ्चालन गर्ने ।

- कर शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकताअनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गर्ने ।

- कर संकलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधि व्यवस्थापन प्रणालीमा आवद्ध गरी व्यवस्थित गर्ने ।

- सबै पेशा व्यवसायलाई करको दायराभित्र ल्याउने ।

३९। गाउँपालिकाको पोषण स्थितिमा सुधार गर्दै स्वस्थ मानव संसाधन उत्पादन र विकासका माध्यमबाट दक्ष जनशक्ति उत्पादन गरी बौद्धिक, आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा योगदान पुऱ्याउन नेपाल सरकार तथा दातृ संस्थाको समेत गरी रु १३ लाख ६४ र गाउँपालिकाको तर्फबाट ७ लाख गरी २० लाख ६४ हजार बजेट व्यवस्था गरिएको छ ।

४०। ग्रामिण गरिबी न्यूनीकरण गर्ने नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम सिस्ने गाउँपालिकामा कार्यान्वयन हुने मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमअन्तर्गत कार्यक्रम बनाई लागु गरिनेछ । जसका लागि ५२ लाख रकम विनियोजन गरिएको छ ।

४१। सिस्ने गाउँपालिकाले प्राथमिकतामा राखेर आर्थिक विकास, सामाजिक विकास तथा पूर्वाधार विकासका लागि ५ नं। प्रदेश सरकारबाट प्राप्त हुने १ करोड ५० लाख समपुरक अनुदान समेत बजेट व्यवस्था गरिएको छ ।

***अध्यक्ष महोदय,***

४२. बजेट तर्जुमा तथा बजेट छपफलको क्रममा आ-आफ्नो तर्फबाट सुझाव सम्पूर्ण पदाधिकारी, कर्मचारी, वुद्धिजीवि, नागरिक समाज तथा सामुदायिक संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

४३. अन्त्यमा समृद्ध सिस्ने गाउँपालिका निर्माणका लागि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा निरन्तर सहयोग ,सद्भाव र चासोका साथ उत्प्रेरणा र सहयोग प्रदान गर्नुहुने आम शुभेच्छुक, सिस्नेबासी जनता,करदाता,सरकारी,गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । जसरी बजेट तर्जुमा सहयोग र सद्भाव प्राप्त भयो त्यसैगरी बजेटको सफल कार्यान्वयनमा पनि सबैको खुला सहयोग अपेक्षा गर्दछु ।

**धन्यवाद**

**गोवर्द्धन बुढा**
**उपाध्यक्ष**
**सिस्ने गा पा**
**!**